हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १२१ पृष्ठ : ४ २०७७ मंसिर १६ गते मंगलबार (Tuesday 01 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि

फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

## जहाँ लाग्छ, 'भूत मेला'

कोभिड-१९ का कारण प्रशासनले मेला, जात्रा, महोत्सवमा रोक लगाएपनि सोमबार सिरहा र धनुषाको कमला नदी किनारमा तान्त्रिक विद्या सिद्ध गर्न भन्दै नुहाउन 'नयाँ' र 'पुराना' धामीहरूले उल्लेख्य सहभागिता जनाए । जिल्ला प्रशासन कार्यालय सिरहाले कोभिड-१९ का कारण गत कात्तिक १५ गते जिल्लाभर मेला, जात्रा, महोत्सव नगर्न सूचना गरेको थियो ।

तर, त्यसको विपरीत वर्षमा एक पटक कात्तिक पूर्णिमाका दिन लाग्ने पृथक 'भूत मेला'मा कमला स्नान गर्न 'नयाँ' र 'पुराना' धामीहरूको उल्लेख्य सहभागिता रह्यो । जुन मेलामा तान्त्रिक विद्या सिद्ध गर्न 'नयाँ' र 'पुराना' धामीहरू आफ्नो रूप फिँजाएर काँपि रहेका थिए । केही सर्वसाधारण नदीमा पूर्णिमा स्नान गरिरहेका थिए ।

विज्ञानले धामी झाँक्री विद्यालाई अन्धविश्वास मान्दछ । तर सिरहा र धनुषा सीमामा अवस्थित कमला नदी किनारमा धामी, झाँक्री मार्फत कुल देउताबाट तान्त्रिक विद्या सिद्ध गर्न कमला स्नान गरी सोमबार नयाँ र पुराना धामीको भीड लाग्यो । नयाँ र पुराना धामीले तान्त्रिक विद्या पुरा हुने विश्वास गरी हरेक वर्ष कात्तिक पूर्णिमाको दिन जमघट हुनुलाई 'भूत मेला' को नाम दिइन्छ ।

हातमा बेत(लठी) बोकेर केही व्यक्ति अगाडी हिड्दै थिए । उनकै पछाडी-पछाडी गेरूवा वस्त्रमा सजिएका महिला र पुरूषहरू लम्किदैं नदी तर्फ जाँदै थिए । अगाडी हिड्ने धामी-झाँक्री बताउँथे । पछि-पछि जानेहरू भक्त । कोहीले हातमा ढकना बोकेका थिए । कोहीले कलश । उनीहरू कमला नदीमा नुहाएर तान्त्रिक विद्या सिद्ध गर्ने बताउँदै थिए ।

यस्तै थुप्रै दृष्य सोमबार बिहानैदेखी सिरहा-धनुषा जोड्ने कमला नदीमा देखिन्थ्यो । उनीहरू बाहेकपनि नुहाउनेहरूको घुँइचो लागेको थियो । आ-





आफ्नो घरको कुल देवीदेउता रिझाउन स्नान गर्न आएको उनीहरूले सुनाए । यसक्षेत्रमा कार्तिक शुक्ल पूर्णिमाको दिन कमला नदीमा स्नान गरे धामी, झाँक्री मार्फत कुल देउताबाट तान्त्रिक विद्या सिद्ध हुने मान्यता छ । साथै वर्षभरिमा जानअन्जानमा भएको पापबाट मुक्तिका लागि पनि कमला नदीमा स्नान गर्न आउने गरेको भनाइ छ ।

लहान नगरपालिका-२४ झुटकी गाउँका रामविलास महतोको पत्नीले दुई महिना अघि आफुलाई देउताले हैरान गरिरहेको बताएकी थिइन् । उनलाई निको पार्न मोहनपुर गाउँबाट धामी बोलाइएको थियो । धामीले उल्टै वर्षौदेखि पुँज्दै आएको कुल देउता उखेलेर फाले मात्रै निको हुने बताए । घरको मानिसहरूले त्यही गरे । स्थानीयका अनुसार केहीछिनमै उनको घरको मानिसहरू बौलाहा जस्तो गर्न थालेको थियो । फेरी अर्को धामी बोलाएर कुल देउतालाई मनाउन लगायो । उनी पनि कमला नदीमा देउतासँग धामी मार्फत सतबैद( बचनबद्धता) गराउन पुगेका थिए ।

उनीजस्तै यहाँका गाउँ-गाउँमा महिनौँ पहिलेदेखि मानिसहरू आफूलाई देवीदेउता चढेको बताउँछन् । उनलाई सिद्ध गर्न धामी बोलाइन्छ । हरेक वर्ष यहाँ कार्तिक शुक्ल पूर्णिमाका दिन स्नान गरी देउता रिझाउन पूर्ण हुने गरेको जनविश्वास छ । स्नान गरेसँगै उदाउँदो सूर्यलाई साक्षी राखेर धामी र झाँक्री मार्फत कुल देउताबाट सिद्धि प्राप्त गर्ने गरेको जानकारहरू बताउँछन् ।

'समय समयमा देउताले सवारी(पुजारी) फेर्ने गर्छन् । नयाँ मान्छेको जीउमा देउता आउँदा कमला नदीमा स्नान गराउन ल्याउनुपर्छ,' सर्लाही मलंगवाका दयाराम पंडितले भने,'६ महिनादेखि देवी देउता चढेको व्यक्तिलाई लिएर कमला नदीमा

बाँकी ३ पेजमा

## गोलबजारको कपडा पसलमा भीषण आगलागी

लहान । सिरहाको गोलबजार नगरपालिका-४ स्थित मुख्य चौंकका कपडा पसलमा भीषण आगलागी भएको छ । मध्य रातीसम्म आगो नियन्त्रणमा आएको छैन ।

कपडा पसलमा लागेको आगो नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेनासहित गोलबजार, मिर्चैया र लहानबाट गएको वारूण यन्त्रले नियन्त्रणमा लिने प्रयास भईरहेको छ ।

स्थानीयका अनुसार मध्यराती सम्म गोलबजार चौंकको कन्चन बस्त्रालय पुरै जलेर नष्ट भएको छ । त्यसैगरी किसन ट्रेडर्स एण्ड सप्लायर्स लगायत अन्य पसलमा समेत मध्यरातीसम्म आगलागी भइरहेको थियो ।

आगलागीबाट करोडौंको नोक्सानी भएको अनुमान गरिएको छ । आगलागीका कारण खुल्न सकेको छैन ।

### आधारभूत अस्पताल

## कतै शिलान्यास, कतै भएन

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नागरिकहरूको पहुँच सुनिश्चित गर्न सरकारले स्थानीय तहमा आधारभूत अस्पताल स्थापना गर्ने नीति लिए अनुरूप सिरहाका ७ पालिकामा आधारभूत अस्पताल निर्माणको तयारी गरिएको थियो ।

देशभर सोमबार अस्पताल शिलान्यास कार्यक्रम रहेपनि सिरहाको धनगढीमाई नगरपालिका, विष्णुपुर, अर्नामा गाउँपालिका गरी तीन स्थानीय तहमा मात्र अस्पताल शिलान्यास गरिएको छ । धनगढीमाई नगरपालिकाले नयनपुर अस्पताल परिसरमा १५ शैयाको, विष्णुपुर गाउँपालिकामा १० शैया र अर्नामा गाउँपालिकामा १५ शैयाको अस्पतालको शिलान्यास गरिएको छ ।



धनगढीमाईमा नगरप्रमुख हरि नारायण चौधरीले, अर्नामा गाउँपालिकामा अध्यक्ष ठकु महतो कोइरी र विष्णुपुर गाउँपालिकामा प्रदेश सभा सदस्य प्रमोद कुमार यादवले शिलान्यास गरे ।

सिरहा नगरपालिकामा भवन निर्माणको टेण्डर प्रक्रियामा रहेकाले शिलान्यास हुन नसकेको स्वास्थ्य संयोजक इद्रिस राइनले जानकारी दिए । सुखिपुर नगरपालिकामा १५ शैयाको स्वीकृति हुनुपर्ने भन्दै शिलान्यास रोकिएको स्वास्थ्य संयोजक अम्देश्वर मण्डलले बताए । औरही गाउँपालिकामा

बाँकी ३ पेजमा







**फ्रेन्डस मोडेल हसपिटल, लहान-४**

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## स्थानीय तहमा खेलकुद

**बालबालिका, युवा वयस्क तथा प्रौढको शारीरिक, मानसिक विकास तथा व्यवस्थापनका लागि खेलकुद अपरिहार्य रहेको हुन्छ । यही अपरिहार्यतालाई बुझेर सिरहाका स्थानीय तहहरुले खेल क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको पाइन्छ । जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिकामा क्रिकेट प्रतियोगिता भइरहेको छ भने कल्याणपुर नगरपालिकामा राज्यमन्त्री गोल्डकप जारी छ । यसअघि गोलबजार लगायत धनगढीमाई नगरपालिकाहरुमा लगायत पालिकाहरुमा फुटबल प्रतियोगिताहरु ऋायोजना भइसकेका छन् ।**

**स्थानीय सरकारको आयोजनामा होस वा विभिन्न संघसंस्था लगायत युवा क्लब अथवा राजनैतिक दलका भातृ संगठनहरुबाट नै किन नहोस जिल्लामा खेलकुद प्रतियोगिता भइरहेका छन् । चाहे त्यो फुटबल, क्रिकेट अथवा म्याराथन र कुस्ती नै किन नहोस । जे भएपनिस्थानीय सरकार गठन भएपछि खेल क्षेत्रले प्राथमिकता पाएको छ । अझ सखुवानन्कारकट्टी गाउँपालिकाले मानव जीवनमा खेलको महत्वपूर्ण भूमिका रहेको भन्दै खेलकुद क्षेत्रको विकासका लागि अब आउने गाउँसभाबाट खेलकुद सम्बन्धी ऐन बनाएर प्रति खेलाडीलाई २ देखि ३ हजार रुपैयाँको दरले मासिक भत्ता उपलब्ध गराउने प्रतिबद्धता जनाएर खेलाडीको मनोबल बढाएको छ । यो सखुवानन्कारकट्टी गाउँपालिकाको सह्रानीय कदम स्वागतयोग्य छ । अन्य स्थानीय तहले पनि यसलाई अनुशरण गर्न आवश्यक छ ।**

**त्यसो त सरकारले स्थानीय तह देखिनै योजनाबद्ध रुपमा खेलाडीको उत्पादन, विकास तथा व्यवस्थापनका लागि खेलकूद पूर्वाधारको निर्माण गर्न आवश्यक देखिएकाले प्रत्येक स्थानीय तहमा दीर्घकालीन महत्वका एक–एक वटा खेलकूद पूर्वाधार निर्माण गर्न सरकारले 'स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि २०७५' बनाएर लागू गरेको छ । कार्यविधिले खेलाडीको उत्पादन, विकास तथा व्यवस्थापनका लागि स्थानीय तहलाई खेलग्रामको रुपमा विकास गर्न आवश्यक खेल विधा अनुसारका मैदानको पूर्वाधार निर्माण गर्ने जनाएको छ । कार्यविधिमा पूर्वाधारस्थलको छनोट गर्दा सम्भव भएसम्म सबै वडालाई पायक पर्ने र यातायात सुविधा भएको स्थानलाई प्राथमिकता दिनुपर्ने भनिएको छ । वातावरणीय रुपले अनुकूल र प्राकृतिक विपद् जोखिममुक्त स्थानलाई प्राथमिकता दिनुपर्ने, खेलाडी, प्रशिक्षक तथा खेलकूद सम्बद्ध जनशक्तिको लागि आकसिमकरुपमा हुने दुर्घटना र स्वास्थ्य समस्याको उपचार लगायत सुविधालाई ध्यान दिनुपर्ने उल्लेख छ ।**

**शैक्षिक संस्थाले हाल उपयोग गरिरहेको खेलकूद पूर्वाधारलाई कायमै राखी स्थानीय खेलकूद पूर्वाधारको विकास नगरी सबैलाई उपयुक्त हुने छुट्टै स्थलमा पूर्वाधार निर्माण गर्नुपर्ने तथा सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेशसभा सदस्य र संघीय संसद्का सांसदको परामर्शमा स्थानीय तहले खेलकूद पूर्वाधारका लागि स्थल छनोट गर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । पूर्वाधारअन्तर्गत फुटबल, क्रिकेट, भलिबल मैदान, कबर्ड हल, ट्र्याक एण्ड फिल्ड, पौडी पोखरी, विचरण पार्कलगायत निर्माण गर्नुपर्नेछ । यही आधारमा सिरहाका गोलबजार र धनगढीमाई नगरपालिकामा कबर्डहल निर्माणको सुरुवात पनि भएको छ । यसले खेल क्षेत्रको जगेर्ना गर्नेछ । खेलाडी उत्पादनमा सहयोग पुग्नेछ ।**

**खेलकुद क्षेत्र विकासको मेरुदण्ड हो । खेलकुद मनोरञ्जनको मात्र नभई समाजमा सांस्कृतिक र आर्थिक क्रान्तिको द्योतक रहनेछ । आजको व्यापार युगमा खेलकुद क्षेत्र पनि वित्तमुखी र व्यावसायिक भएको छ । खेल क्षेत्रलाई पनि विकासका अन्य आधारस्तम्भहरूलाई जस्तै प्राथमिकताका साथ अगाडि बढाउनु आजको आवश्यकता हो ।**

# घरदैलोका सरकार : श्रीखण्ड बन्ने कि खुर्पाका बीँड ?

## पालिका बहस

**राजुप्रसाद चापागाई**



नेपालको संघीय गणतन्त्रात्मक संविधान पाँच वर्ष पूरा गर्ने सँघारमा छ । संविधानले सिर्जना गरेका तीनै तहका ७ सय ५३ सरकार क्रियाशील छन् । संविधानअनुरूप निर्वाचित भएर अस्तित्वमा आएका तीनै तहका सरकारले ३ वर्ष पूरा गर्दै छन् । यतिबेला मुलुक कोभिडको विश्वव्यापी महामारीबाट आक्रान्त बनेको छ । एकातर्फ सदियौंदेखिका समृद्धि, समतामूलक आर्थिक विकास र सामाजिक न्यायको आकांक्षा थाँती नै छन् भने अर्कोतर्फ कोभिड महामारीबाट जोगाउँदै यसबाट सिर्जित गहिरिंदो आर्थिक, सामाजिक र मानवीय संकटको दुष्चक्रबाट मुक्ति दिलाउनुपर्ने स्थिति छ ।

पाँचौं संविधान दिवसको सन्दर्भलाई औपचारिकतामा सीमित राख्नेभन्दा पनि संविधानमार्फत गरेका प्रतिज्ञाको प्रकाशमा भुइँतहदेखि सिंहदरबारसम्मका जननिर्वाचित प्रतिनिधिलाई शासनको जिम्मेवारी सुम्पिएपछि अहिलेसम्म के उपलब्धि भए, चुनौती के छन् र गहिरिँदो संकटको अवस्थामा कसरी अगाडि बढ्ने भन्ने गहन मूल्यांकन जरूरी छ ।

विगतबाट पाठ सिक्दै सच्चिएर अगाडि बढ्ने र संविधानमा परिलक्षित सार्वभौम नेपाली जनताका सामूहिक अभीष्ट पूरा गर्न हरतरहले प्रयत्नशील रहनु नै समयको माग हो ।

नयाँ संविधानका थुप्रै कमी–कमजोरीका बाबजुद केही कुरामा यसले क्रान्तिकारी परिवर्तनलाई आत्मसात गरेको छ । जनताको परिवर्तनको चाहनालाई संस्थागत गरेको छ । तीमध्ये स्वायत्त स्थानीय सरकारको संवैधानिक प्रत्याभूति एउटा महत्वपूर्ण उपलब्धि हो । स्थानीय तहको स्वायत्ततालाई यस किसिमले प्रत्याभूति गर्ने विश्वका थोरै देशहरूमध्ये नेपाल एउटा हो ।

स्थानीय तहको अस्तित्व विगत ७० वर्षदेखि अस्तित्वमा नभएको होइन । तर, विगतका सबै स्थानीय तहहरु केन्द्रीय सरकारको खटनपटनमा चल्ने इकाइको रूपमा रहेका थिए । त्यसैले तिनीहरु निम्छरिला बने । जनताको स्थानीय स्वशासनको आकांक्षा अपूरो नै रहन पुग्यो । अहिले संविधानले नै स्थानीय सरकारका २२ वटा अधिकारलाई एकल अधिकारको रूपमा सूचीकृत गरेको छ । स्थानीय तह अब कुनै दल वा शासकको सनक, लहड, शक्तिको दुरूपयोग वा बलमिच्याइँको सिकार बन्ने स्थिति छैन । यो संवैधानिक प्रत्याभूति अमूक नेता वा दलको चाहनाले भएको प्राप्ति होइन । यो नेपाली जनताको स्थानीय स्वशासनका गहिरो चाहनाको उपज हो ।

राजनीतिक दलहरु स्थानीय स्वशासनप्रति उदार भएको भए ०४७ को संविधानमा संशोधन भएर स्थानीय स्वायत्तता त्यतिबेलै प्रत्याभूति भइसक्ने थियो । सशस्त्र द्वन्द्वको अन्त्यपछि वर्षौंसम्म स्थानीय निकायलाई पदाधिकारीविहीन राखिराख्ने हर्कत दलहरूले गर्ने थिएनन् । जनप्रतिनिधिविहीनताको स्थिति कायम राखेर दलीय गठजोडमा स्थानीय स्रोत–साधनको दुरूपयोगलाई प्रश्रय दिने काम हुने थिएन । स्थानीय तहमा लोकतान्त्रिक रक्तसञ्चार गराउने कुराले पहिलो प्राथमिकता पाउने थियो ।

तर, अहिले पनि जिम्मेबार दल र नेताहरूको मानसिकता केन्द्रीकृत नै छ । संघीय पद्धति अवलम्बन गरिए पनि मानसिकता संघीयकृत हुन सकेको छैन । कर्मचारीतन्त्रको 'बटमअप' सोच हुने कुरै भएन । कर्मचारीतन्त्र दल तथा नेताहरूको केन्द्रीकृत सोचमै खेल्न रूचाउँछ । स्थानीय तहलाई संघको सहयोगापेक्षी बनाउन खोज्ने प्रवृत्ति अहिले चुनौतीको रूपमा देखिएको छ । यस स्थितिमा चनाखो भएर स्थानीय स्वशासनको प्रतिरक्षाका लागि सार्वभौम जनता आफैं जागरूक हुन आवश्यक छ ।

संविधानले कोरिदिएको लक्ष्मणरेखाभित्र रहेर तहगत रूपमा सार्वभौमिक अधिकारको एकल र साझा प्रयोग नै संघीय प्रणालीको विशेषता हो । स्थानीय सरकार नै जनताको सार्वभौमिक अधिकारलाई सबैभन्दा तल्लो तहमा अभ्यास गर्ने माध्यम हुन् । तर, त्यसअनुरूपको बुझाइ र व्यवहार अझै स्थानीय जनप्रतिनिधिहरूमा विकसित हुन सकेको छैन । संवैधानिक प्रबन्धअनुरूप मार्गनिर्देशित भएका बिरलै उदाहरण छन् । स्थानीय तहमा दलीयकरणले गर्दा पनि स्थानीय सरकार दलहरुको नियन्त्रणमा सञ्चालित हुने र संवैधानिक स्वायत्तताको वास्तविक प्रयोग हुन नसक्ने अवस्था बन्दै गएको देखिन्छ ।

समानीकरण र ससर्त अनुदानका प्रबन्धहरु पनि स्थानीय स्वायत्तताको मर्मबमोजिम कार्यान्वयनमा आउन नसकेको एवं स्थानीय तहले गर्ने कामलाई केन्द्रले नै आफ्ना कार्यक्रममा राख्ने, केन्द्रले अनेक निर्देशन जारी गरेर आफ्नो इकाइजस्तो व्यवहार गर्ने, साझा अधिकारको सूचीमा परेका विषयहरूमा समयमै कानुन नबनाइदिएर अन्योलको स्थिति खडा गरिदिने, कर्मचारी तन्त्रको केन्द्रीकरण कायमै रहने स्थितिलाई मलजल गर्ने गरी हुँदै आएका कामलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

यति हुँदाहुँदै पनि केही स्थानीय सरकारबाट स्थानीय आवश्यकतालाई केन्द्रमा राखेर जनमुखी काम नभएका पनि होइनन् । कोभिड महामारीबाट जनतालाई जोगाउन तिनका आर्थिक, सामाजिक पीरमर्कालाई सम्बोधन गर्न यथासक्य प्रयास गरेका तथ्यहरु पनि बाहिर आएका छन् । कतिपय स्थानीय सरकारहरूले भने विभिन्न अप्ठेरालाई बहाना बनाएर आफ्नो दायित्वबाट पन्छिन दाउ खोज्ने गरेका गुनासा पनि आएका छन् ।

केन्द्र र प्रदेशको तहमा उदाहरणीय काम हुँदा स्थानीय तहलाई पनि त्यसले प्रेरणा प्रदान गर्ने स्थिति बन्थ्यो । तर, माथिल्लो तहमा रहेका आफैंले आदर्श मान्ने नेताहरूको सत्ता र शक्तिको छिनाझप्टी स्थानीय जनप्रतिनिधिसामु छिपेको छैन । सत्तासीनहरूको आन्तरिक संघर्षको उदेकलाग्दो महिनौंसम्मको झगडाले स्थानीय तहसमेत तरंगित भएकोमा विवाद छैन । नेताहरूमा आफ्नै मालिकत्व र मपाईंत्वको गलत प्रवृत्ति मौलाएको छ । त्यो पनि एकातर्फ कोरोनाको कहर र अर्कोतर्फ मुलुकको स्वाभिमानलाई उँचो राख्दै छिमेकीसँगको सम्बन्ध सुधानुपर्ने अवस्थामा । नयाँ प्रणालीअन्तर्गत पुनर्संरचित स्थानीय तहका लागि ३ वर्षको अवधि लामो होइन । सिक्दै अगाडि बढ्ने बेला हो ।

अहिलेसम्मको अभ्यासबाट स्थानीय स्वशासनलाई सुदृढ पार्ने र परिणाममुखी बनाउँदै जानुको अर्को विकल्प देखिंदैन । व्यक्तिको संस्कारमा परिवर्तन नगर्ने तर अमूक व्यवस्था वा प्रणालीलाई दोष दिने छुट अब छैन । घरदैलोका ७ सय ५३ पालिका सरकारको प्रभावकारी भूमिकाबिना सरकारले अगाडि सारेका सुखी नेपाल, समृद्ध नेपालीको राष्ट्रिय सोच, अल्पविकसितबाट विकासशील मुलुकमा फड्को मार्ने अभीष्ट एवं दिगो विकास लक्ष्य केवल मृगतृष्णा सावित हुनेमा कुनै शंका छैन । समृद्धिको सपना सबैको साझा प्रयासले सम्भव हुने हो ।

तीनै तहका ७ सय ६१ वटै सरकारको सुर, ताल र लय मिलेको खण्डमा संघीय लोकतान्त्रिक व्यवस्था संस्थागत हुने र सफलतातर्फ उन्मुख हुनेमा कुनै सन्देह छैन । स्थानीय सरकार नै जनताका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका मूलभूत सवालहरूलाई सम्बोधन गर्ने आधार तह हो ।

आधारभूत शिक्षा र आधारभूत स्वास्थ्य नागरिकले त्यहीँबाट प्राप्त गर्दछ । कृषि प्रणालीको रेखदेख तथा सञ्चालन, आधारभूत खाद्यमा पहुँच, परित्यक्त तथा सहयोगापेक्षी नागरिकको संरक्षण, सरसफाइ तथा पर्यावरण संरक्षण, विपद् प्रतिकार्य तथा व्यवस्थापन, स्थानीय भूमिलगायतका प्राकृतिक स्रोतको संरक्षण,

*बाँकी ४ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । अग्रजहरूको अनुभव अनुसार अवसर पहिल्याउन सकिनेछ ।

**वृष** :- आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । व्यापार व्यसायबाट लाभ मिल्नेछ ।

**मिथुन**:- विद्या र बुद्धिको विकास हुनेछ । नयाँ–नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । कार्यसिद्धि हुने अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** :- प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । मालसामान हराउन सक्छ । हेलचेक्र्याइँले काममा उल्टो परिणाम दिन सक्छ, सचेत रहनुहोला ।

**सिंह**:- घरमा अतिथीको आगमन हुनेछ । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ । लाभदायक यात्रा रहनेछ । नयाँ कार्यको थालनी होला ।

**कन्या** :- छोटो दुरीको लाभदायक यात्रा रहला । प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेकोछ । धनार्जन हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।

**तुला** :- मित्र वा आफन्तको सहयोग मिल्नेछ । मिष्ठान्न भोजन प्राप्ति होला । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । बौद्धिकताको विकास हुनेछ ।

**वृश्चिक** :- आज कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । आर्थिक क्षेत्रमापनि संकट आउन सक्छ ।

**धनु** :-आफन्तको प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ । आर्थिक क्षेत्रमा सोचेजस्तै लाभ लिन सक्छ ।

**मकर**:- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आफन्तसंग रमाइलो भेटघाट हुनेछ । मनोरन्जनमा सहभागिता भईएला । प्रेममा मधुरता छाउनेछ ।

**कुम्भ**:- महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । पठनपाठनमा प्रगति हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**मिन** :- रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धव बाट विशेष सहयोग मिल्नेछ । पारिवारीक झमेला रहला ।

## जहाँ ...

यसवर्ष आएका छौं । यहाँबाट गएपछि कहिल्यै हैरान नपार्ने विश्वास छ ।' उनका अनुसार विषेश गरी दशैंको घटस्थापना देखि नयाँ मान्छेको जीउमा देउता आउँछ । त्यो देउता आफ्नै हो की अरू कुनै भुत प्रेत भन्ने सही ठम्याउनका लागि विभिन्न तान्त्रिक विधि प्रयोग गरेर बैठकी गरिन्छ र सही भएपछि आजका दिन कमला स्नान गराउने कार्य हुन्छन् । यहाँ भक्त र देवीदेउताबीच बचन पक्का–पक्की गराइन्छ ।

घटस्थापना देखि कार्तिक शुक्ल पूर्णिमा पूर्व कैऔं पटकको बैठकी पछि सही ठम्याए मात्र कमला स्नान गर्न आउने गरिएको उनले बताए । तान्त्रिक विधि अनुसार कुल देउताबाट सिद्धि प्राप्त गर्दै कमला स्नान गरेपछि सोही व्यक्तिको जीउमा देउता आउने गरेको उनको दाबी छ । स्नान गरेका नयाँ भक्तले कमलाको जलले देउताको गहवर(स्थान) लिप्ने प्रचलन रहेको धामीहरू बताउँछन् ।

घर परिवारका कुनै सदस्यलाई हानी नोक्सानी र भूत प्रेतले छोयो भन्ने जानकारी कमला स्नान गरेकै व्यक्ति मार्फत देउताले दिने तथा रक्षा समेत गर्ने गरेको जनविश्वास रही आएको छ । सिद्धि प्राप्त गर्न सिरहाको माडरस्थित इनर्वाघाट, बसबिट्टा, सारश्वर, चतरी, कल्याणपुर, चिकना, भेडिया, बन्दीपुरसँगै छिमेकी जिल्ला धनुषाको सघारा, टरिया लकड लगायत कमला नदी छेउमा विभिन्न स्थानमा स्नान गर्ने श्रद्धालुहरूको घुँइचो लागेको थियो ।

मनोकामना पूरा भएपछि कमलालाई भाकल गर्नेहरूले आजकै दिन सुर्यदेवलाई साक्षी राखेर भाकल दिने गरेको छ । भाकलमा लड्डु, कोठी, सुन तथा पाठी, खसीको बली समेत चढाउँने गर्छन् । सिरहा, सप्तरी, उदयपुर र सिन्धुली तथा छिमेकी मुलुक भारत विहारका विभिन्न ठाउँबाट आएका श्रद्धालुहरूले कमला स्नान गरेर पुजापाठ गर्न कमला नदी आइ पुगेका थिए । कार्तिक शुक्ल पूर्णिमाका दिन सूर्यदेवलाई साक्षी राखेर कमलामा स्नान गरेपछि वर्षभरीको पाप कट्ने पनि जनविश्वास छ ।

स्नान गरेर धामी झाक्री तथा उनीहरूसँगै आएका अन्य व्यक्तिहरूले कमला नदीकै बगरमा दही, च्युरा, मिठासँगै अनेक थरीका परिकार खाएर कुल देउताबाट सिद्धि प्राप्त भएको भनी खुशी हुने गरेको बेचन धामीले बताए । उनका अनुसार स्नान गरेको दिन कमला नदीको बगरमा सुद्धताको दृष्टिले राम्रो मानिएको दही, च्युरा र मिठा खाएपछि देउता पनि खुशी हुने गरेको उनको दाबी छ । कमला स्नान गरे पछि देउताबाट सिद्धि प्राप्त भएको भनेर खुशी हुँदै श्रद्धालुहरूले उत्सव मनाउने गर्छन् । ठाउँठाउँमा कुस्ती, साँस्कृति कार्यक्रम गरिएको थियो । मेला व्यवस्थापन गर्न स्थानीयहरूले विभिन्न समिति बनाएर युवा परिचालन गरिसँगै सुरक्षाकर्मीको पनि व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । विभिन्न टोली तथा घुम्ती टोली समेत परिचालन गरिएको थियो ।

**संस्कृति की विकृति ?**

एकातिर यसलाई यहाँको समाजले संस्कृतिको रूपमा अठयाउने गर्छन भन्ने अर्कोतिर यसले विकृति पनि निम्त्याएको छ । जस–जसले कमला नदीमा तान्त्रिक विद्या प्राप्त गरेको बताउँछन्, पछि उनीहरूले नै गाउँमा अर्का व्यक्तिलाई बोक्सी हो भनेर करार गर्छन् । त्यहीबाट हिंसाको घटना हुने गरेको छ ।

'कमलालाई देवी मानेर स्नान गर्ने, पूजा गर्ने एउटा कुरा हो तर, आजको दिनमा जसरी देवीदेउताको सिद्धी प्राप्त गरेको भन्ने मानिसहरू पछि गाउँमा खतरा हुने गरेको छ,'लहान नगरपालिका–२४ का वीरेन्द्र यादवले भने,'जतिबेला उनीहरूले गाउँमा अरू बोक्सी करार गर्छन । त्यतिखेर संस्कृति विकृतिको रूपमा देखा पर्छन् ।' अन्धविश्वासमा लागेर मानिसहरूले रूपैयाँ पैसा खर्च गर्ने गरेको उनले सुनाए । धामी–झाँक्रीले देवीदेउताको भक्त बनाउने नाउँमा कमाउने धन्धा चलाउने गरेको उनले बताए । झारफुकको बहानामा यौन शोषणको घटनाहरू बढ्ने गरेको उनको भनाइ छ ।

'बोक्सी आरोप लगाएर हिंसा गर्ने व्यक्तिलाई राज्यले कारबाही गर्छ तर, कमला नदीमा धामीझाँक्रीले बोक्सी उत्पादन गर्ने कारखाना चलाउँदै राज्य चूप बसेको छ,' अधिकारकर्मी राजकुमार राउत कुर्मी भन्छन्,'संस्कृति विकृतिको रूप लिँदै गएको छ । जो आज देउताको भक्त बनेको भन्छ त्यही मान्छे गाउँमा रिसइबी साधन पनि अरूलाई बोक्सी हो भनेर आरोप लगाउँछन । घटनाहरू गर्छन् ।' सरकारले यसमाथि निगरानी बढाउन जरूरी रहेको उनले बताए ।

## कतै...

प्राविधिक कारणका कारण शुक्रबारका लागि शिलान्यास कार्यक्रम तय गरिएको गाउँपालिका अध्यक्ष सिद्धार्थ यादवले जानकारी दिए ।

गोलबजार नगरपालिकामा अस्पताल भवनको शिलान्यास गत असोज १० गते नै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री लीलानाथ श्रेष्ठले शिलान्यास गरिसकेका छन् ।

**पुरानो अस्पतालको अवस्था नाजुक**

सर्वसाधारणलाई स्वास्थ्य सेवासम्म पहुँच पुऱ्याउन सिरहामा दुई अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, ९२ स्वास्थ्य चौकी छन् । तर, ती सबैमा जनशक्ति अभाव हुँदा सर्वसाधारण सामान्य स्वास्थ्य सेवाबाट समेत बञ्चित छन् ।

सरकारले सर्वसाधारणलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने भनिएपनि सिरहामा दरवन्दी अनुसार चिकित्सक नहुँदा सामान्य स्वास्थ्य सेवाबाट बञ्चित हुनुपरेको हो । जनस्वास्थ्य कार्यालय सिरहाका अनुसार दरबन्दी अनुसार जिल्ला अस्पतालमा शल्यक्रिया गर्ने चिकित्सक सहित ५ विशेषज्ञ डाक्टरको अभाव छ ।

जनस्वास्थ्य प्रमुख कृष्णदेव यादवका अनुसार करारमा भर्ना गरिएको चिकित्सकबाट जिल्लाका अस्पताल सञ्चालित छ । जिल्ला अस्पतालमा दरबन्दीमध्ये २ जना चिकित्सकले अस्पताल सञ्चालन गर्नुपरेको छ ।

राजमार्ग छेउ स्थापना गरिएको लहान अस्पताल जनशक्ति अभाव र भौतिक दुरावस्थाका कारण लथालिंग बनेको छ ।

२०३९ सालताका सिरहा, सप्तरीको पश्चिमी भेग, उदयपुर र सिन्धुलीका बिरामीलाई लक्षित गरी राजमार्ग नजिक स्थापना गरिएको लहान अस्पताल जनशक्ति अभाव र भौतिक दुरावस्थाका कारण आफै बिरामी परेको हो ।

अस्पतालको ओपिडी शाखाका अनुसार अहिलेपनि ती जिल्लाबाट दैनिक सय जनाभन्दा बढी बिरामी उपचारका लागि आउछन् । तर, अस्पतालको दुरावस्था भने दिनप्रतिदिन बिग्रदो छ ।

१५ शैया सरकारी र समितिबाट थप ३५ गरी ५० बेड क्षमताको अस्पतालमा बेड अनुसारको दरबन्दी पुरा नहुँदा अस्पतालको अवस्था जर्जर बन्न पुगेको छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# लहान–१६ तरेगनामा महायज्ञ सुरु

**लहान ।** विश्व शान्तिका लागि लहान नगरपालिका–१६ तरेगनामा मदभागवत धनधान्यजल सप्ताह महायज्ञ सुरू भएको छ ।

मंसीर २३ गतेसम्म सञ्चालन हुने सप्ताह महायज्ञको सोमबार लहान नगरपालिकाका उपप्रमुख सरियार चौधरीले उदघाटन गरिन । कोरोना भाइरस लगायत महाव्याधीबाट मुक्ति पाउन र विश्व शान्तिको कामना गर्दै सप्ताह महायज्ञ



सुरु गरिएको आयोजकले जनाएको छ ।

# न्यायिक समितिलाई सामग्री हस्तान्तरण

**लहान ।** दलित जनकल्याण युवा क्लबले धनगढीमाई नगरपालिकाको न्यायिक समितिलाई सोमबार ६० थान कुर्सी हस्तान्तरण गरेको छ ।

धनगढीमाई नगरपालिकामा क्लबले एक्सन एड नेपाल र दलित जनकल्याण युवा क्लबको संयुक्त साझेदारीमा स्थानीय अधिकार कार्यक्रम सञ्चालित छ ।

सोही साझेदारी कार्यक्रम अन्तर्गत धनगढीमाई नगरपालिकामा महिलामैत्री क्वारेन्टाइनमा ८ वटा बेड तकिया, एक–एक तन्ना समेत हस्तान्तगरण गरिएको हो ।




क्लबका अध्यक्ष उमेश कुमार विसुन्केले ती सामग्री सोमबार नगरप्रमुख हरि नारायण चौधरी, उपप्रमुख फूल कुमारी श्रेष्ठ, प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाई लगायतका व्यक्तित्वहरूको उपस्थितिमा एक समारोहका बीच हस्तान्तरण गरेका थिए ।

# दम्पतीमा खटपट : हुन सक्छ डिप्रेसन


जुनसुकै सम्बन्ध पनि एउटा विश्वासमा बनाइन्छ, जब शंका वा दुराचार बीचमा आउँछ, यसले सम्बन्धलाई टुक्राटुक्रा पार्न समय लिँदैन । यस परिवर्तित युगमा जति सजिलै सम्बन्धहरु निर्माण हुन्छन्, त्यति नै चाँडो तिनीहरु टुक्रिन्छन् पनि । यस्तो अवस्थामा सम्बन्धमा आउने फाटोले दम्पतीहरूमा डिप्रेसन निम्त्याउन सक्छ । आजकल धेरैजसो युवापुस्ता यस अवस्थाबाट गुज्रिरहेका छन् । सम्बन्धलाई सञ्चालन गर्न असमर्थ र गतिमा राख्न सक्षम नहुनु सम्बन्धविच्छेदको प्रमुख कारण हो ।

यस्तो अवस्थामा युवापुस्ता जोसम्बन्ध जोगाउनको लागि संघर्ष गर्दैछन् उनीहरूले यसबाट बच्नका लागि केही तरिकाहरु अपनाउन सक्छन् ।

**सम्बन्ध उदासीनताको कारण**

सम्बन्धमा उदासीनता र सम्बन्ध विच्छेदको बारेमा कुरा गर्ने हो भने आजको जीवनशैली यसको प्रमुख कारण हुन सक्छ । यो किनभने आज धेरै मानिसहरु यति व्यस्त छन् कि तिनीहरु एक अर्कालाई समय दिन असमर्थ हुने गर्छन् । यस्तो अवस्थामा बिस्तारै दम्पतीहरु बीचको दुरी बढ्न सक्छ । जसले अन्ततः सम्बन्धमा फाटो ल्याउन सक्छ । किनभने सफल सम्बन्धको लागि एक अर्कालाई उचित समय दिनु महत्वपूर्ण छ । यदि यो सम्भव छैन भने कमसेकम केही समयसँगै बिताउनुहोस् । यसले दम्पतीहरु बीच नकारात्मक भावनाहरु हटाउन मद्दत गर्छ । जोडीबीचको दुरी वा सम्बन्धबिच्छेदले जोकोहीलाई पनि एक्लो महसुस गराउनाका साथै यसले एकांकीपन वा डिप्रेसन पनि निम्त्याउन सकिन्छ ।

**सम्बन्धमा डिप्रेसनको प्रभाव**



डिप्रेसनले मान्छेको शारीरिक एवं मानसिक स्वास्थ्यलाई असर गर्ने गर्छ । सम्बन्धमा उदासीनताको प्रभाव निम्नानुसारको हुन्छ ।

–सम्बन्धमा आएको उदासीनताले व्यक्तिगत स्वभावमा परिवर्तन ल्याउँछ ।

–सम्बन्धका कारण हुने डिप्रेसनले दुवै व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यलाई असर गर्छ । यस्तो अवस्थामा भावनात्मक हिसाबले असुरक्षित महसुस हुने र कोही व्यक्तिमा तनाव, उदासीनता र एकांकीपनबाट पनि ग्रसित हुन्छन् ।

–केही व्यक्तिहरु यस्तो अवस्थालाई सामान्य मानेर सामना गर्छन् तर केहि मानिसहरूसँग पीडा वहन गर्ने क्षमता हुँदैन । यस्तो अवस्थामा कहिलेकाँही यति तनाव हुन्छ कि यसले डिप्रेसनको अवस्था समेत सिर्जना गर्छ । एकै समयमा यसले तपाईंको अन्य शारीरिक स्वास्थ्य समस्याहरु पनि निम्त्याउन सक्छ ।

–सम्बन्धमा हुने विफलता र सम्बन्धका कारण हुने उदासीनताले तपाईंको परिवार र साथीहरूलाई समेत समस्या सिर्जना गराउँछ।

**सम्बन्धका कारण हुने डिप्रेसनबाट बच्ने उपाय**

यदि तपाई वा तपाई नजिकको कोही सम्बन्धका कारण उदासीनता वा तनावमा हुनुहुन्छ भने यसबाट सजिलोसँग बच्न पनि सक्नुहुनेछ यसबाट सजिलोसँग बच्न पनि सक्नुहुनेछ ।

–यदि दम्पतीका बीचमा समस्याहरु समाधान गरिएको छैन वा सो परिस्थितिलाई ह्यान्डल गर्न तपाई असमर्थ हुनुहुन्छ भने नजिकको साथी, परिवार वा अन्य व्यक्तिसँग सल्लाह लिन सक्नुहुन्छ ।

–कुनै समस्या कहिल्यै ठूलो नबनाउनुहोस्, कुराकानी गरेर चीजहरु समाधान गर्ने प्रयास गर्नुहोस् । सम्बन्धमा संवाद हुनु महत्वपूर्ण छ किनकि यसले तपाईंको सबै समस्याहरु समाधान गर्छ ।

–जब तपाईं सम्बन्धमा जोडिनुहुन्छ, त्यहाँ तपाईंले आफ्नो अहंकार छोड्नुपर्छ । किनभने धेरै पटक सम्बन्धमा फाटो आउने कारण आफ्नो अहंकार नै बन्ने गर्छ ।

–तपाईंको व्यवहारलाई थोरै लचिलो बनाउन प्रयास गर्नुहोस् ।

–कुनै पनि सफल सम्बन्धमा सबै सम्बन्धहरूलाई महत्व दिन महत्वपूर्ण छ ।

साथै, यदि तपाई सम्बन्धमा उदासीनताबाट गुज्रिरहनु भएको छ भने तपाईंले साथीहरु बनाउने प्रयास गर्नुभयो र उनीहरूसँग आफ्नो खुशी र दुः ख बाँड्न सिक्नुहोस् । यसो गर्नाले तपाईंको तनाव कम हुनेछ ।

राम्रो र मीठो क्षणहरु सम्झनुहोस् जसले तपाईंलाई खुसी बनाउँछ । जस्तै, हाँसो ठट्टा वा साथीहरूसँगको अविस्मरणीय क्षण आदि ।

*अनलाईनखबरबाट*

# घरदैलोका ...

सार्वजनिक सम्पदा तथा सम्पत्तिको संरक्षण, सामाजिक सुरक्षा प्रणालीको सञ्चालनजस्ता आधारभूत जिम्मेवारी वहन गर्नुपर्ने स्थानीय सरकारले नै हो ।

त्यति मात्रै होइन, साँधसीमा, पारिवारिक मामिलालगायतका जनताका आधारभूत सवालमा आधारभूत तहको न्याय निरूपणको जिम्मेवारी पनि स्थानीय तहकै काँधमा छ । सदियौंदेखि विद्यमान लैंगिक, जातीय तथा सामाजिक विभेद र वहिष्करणको अन्त्य पनि स्थानीय तहको सार्थक भूमिकाबिना असम्भव छ । अपराध नियन्त्रण गरेर समाजमा चयनको वातावरण सिर्जना गर्ने कार्यले पनि स्थानीय तहको भूमिका माग्दछ । देशको परराष्ट्र मामलामा स्थानीय तहको कुनै भूमिका हुँदैन तर अप्रत्यक्ष रूपमा विभिन्न देशका नगर सरकारसँग भगिनी साइनो गाँसेर दुई देशबीचको सम्बन्ध सुदृढ पार्न नसक्ने भन्ने हुँदैन ।

संविधान मात्रै होइन, मौलिक हक कार्यान्वयनका लागि बनेका पछिल्ला कानुनले पनि स्थानीय तहको भूमिका बढाउँदै लगेका छन् । भोकमरीको रोकथामका उपाय अपनाउने, खाद्य असुरक्षित परिवारको पहिचान गर्ने, तिनलाई खाद्य तथा पोषण वितरण गर्ने, आवासविहीन तथा भूमिहीन सुकुम्वासीको लगत तयार गर्नेलगायतका जिम्मेवारी सुम्पेको पाइन्छ ।

तीनै तहका सरकारको सहकार्य, समन्वय र सहलगानीमै त्यस्ता कानुनको कर्यान्वयनले मूर्त रूप लिन सक्छन् । तर, स्थानीय तथा प्रदेशको कुरा छाडौं, संघले समेत आफैले गर्नुपर्ने न्यूनतम काम पनि सम्पन्न भएका छैनन् । कानुनबारे न त भुइँतहसम्म चेतना जगाइएको छ न आवश्यक नियमावलीहरू नै तर्जुमा भएका छन ।

तीनै तहका सरकारलाई संविधानका वाचाहरु पूरा गर्ने दिशामा अग्रसर हुन जवाफदेही बनाउनका लागि भूमिका खेल्नुपर्ने संयन्त्रहरु पनि प्रभावकारी छैनन् । सबै तहका कानुनको संवैधानिकता जाँच्ने क्षेत्राधिकार भएको संवैधानिक इजलासको भूमिका प्रभावकारी छैन । स्थानीय तथा प्रादेशिक सरकारलाई जवाफदेही बनाउन उच्च अदालतको रिट क्षेत्राधिकारको उपयोगिता रहे पनि यसको प्रयोग झिनो मात्रै छ ।

नागरिक समाज र मिडियाको दृष्टि पनि सबै स्थानीय तहमा पुग्न सकेको छैन । कतिपय अवस्थामा अमूक स्थानीय सरकार वा प्रतिनिधिको गलत कामलाई आधार बनाएर सिंगो स्थानीय तहकै वैधतामा अवान्छित प्रश्न उठाउने प्रवृत्ति पनि देखिन्छ । यसले गर्दा स्थानीय सरकारका सम्बन्धमा आम मनोविज्ञान नकारात्मक हुँदै गएको छ । विकासलाई पूर्वाधारसँग मात्रै जोडेर हेर्ने सोचले पनि नेपाली समाजमा गहिरो जरा गाडेको छ । राजनीतिक वृत्तबाट पनि त्यसैलाई बढावा दिने प्रवृति देखिएको छ ।

संविधानले एकातर्फ समाजवाद, सामाजिक न्याय, सारभूत समानता, आवास, खाद्य र रोजगारीको अधिकारको कुरा गर्छ, अर्कोतर्फ त्यस किसिमका व्यवहार राज्यकै तर्फबाट हुने गरेका छैनन । त्यसैगरी अनेक बहानामा जनताको करवाट संकलित ढुकुटीको दुरूपयोग तथा अपचलन गरी सुविधाको उपभोग गर्ने लालचा पनि जनप्रतिनिधिहरूमा मौलाउँदै गएको समाचार निरन्तर बाहिर आएका छन् । सबैभन्दा आवश्यकतामा रहेका भुइँतहका श्रमजीवी जनताका लागि नै घरदैलोका सरकारहरु फलदायी बन्नुपर्ने हो । मानव अधिकार दायित्व संघ वा प्रदेशको मात्रै हो भनेर स्थानीय तह पनि पन्छिने अवस्था हुँदैन । यसमा स्थानीय सरकारलाई श्रीखण्ड बनाउने वा खुर्पाको बीँड भन्ने कुरा धेरै हदसम्म स्थानीय तहका जनप्रतिनिधिकै बुझाइ, सोच, निष्ठा र इमानमा निर्भर गर्दछ । असीमित शक्ति र स्रोत–साधन कहीँकसैलाई उपलब्ध हुँदैन । सीमित शक्ति, अधिकार र स्रोत–साधनको अधिकतम उपयोगको कसीमै जनप्रतिनिधिको कौशल र इमान जाँचिने हो । प्रणाली जतिसुकै राम्रो अवलम्बन गरे पनि तदनुरूपको कार्यसम्पादन भएन भने त्यसप्रति जनतामा वितृष्णा सिर्जना हुँदै जान्छ र पद्धतिले नै वैधता गुमाउने अवस्था आउन सक्छ ।*पालिका खबरबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)